जब पानी दुई कुल्ला (दुई ठुला घैला) जति छ भने फोहोरले प्रभावित हुन दिँदैन ।

हजरत अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा)द्वारा वर्णन छ:अल्लाहका रसूल(सल्लल्लाहु अलैहि वसल्लम)सित त्यो पानीका बारेमा सोधियो जसमा चौपाया र हिंस्रक जनावरहरू आउने जाने गर्छन् :सो उहाँ(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नु भयो; जब पानी
दुई कुल्ला (दुई ठुला घैला) जति छ भने फोहोरले प्रभावित हुन दिँदैन ।
[सही]

नबी(सल्लल्लाहु अलैहि वसल्लम)सित त्यो पानी जसमा जनावर र हिंस्रक जन्तुहरू पानी पिउनका लागि आउने जाने गर्छन् त्यो पानीले पवित्रता प्राप्त गर्न मिल्छ कि मिल्दैन भनेर सोधियो । जवाफमा नबी(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नु भयो कि जब पानी ठुला दुई घैला लगभग २१० लिटर जति हुन्छ भने त्यो बराबरको पानी ठुलो परिणामको हो, यो अपवित्र हुँदैन । यद्यपि पानीका ३ वटा गुण रंग, स्वाद र गन्ध मध्ये कुनै गुण फोहोर मिल्नाले बदलियो भने यो अर्को कुरा हो ।

https://sunnah.global/hadeeth/ne/show/8357